# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, फागुन १ गते २०५१ साल (अतिरिक्ताङ्क ४९

## भाग ३

श्री ५ को सरकार

### कृषि मन्त्रालयको सूचना

### कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति (गठन) आदेश, २०५१

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति (गठन) आदेश, २०५१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति सम्झनु पर्छ ।

(ख) "बजार" भन्नाले फलफूल, तरकारी तथा माछा जस्ता ताजा वा नाशवान वा समितिले तोकेको अन्य बस्तुको खरीद बिक्रीसम्बन्धी कृयाकलाप गर्न दफा ३ को उपदफा (१) बमोजिम व्यवस्थापन गरिने स्थान सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "कृषि बस्तु" भन्नाले कृषि क्षेत्रबाट उत्पादित फलफूल, तरकारी तथा माछा जस्ता ताजा वा नाशवान बस्तु सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउनेछ ।

(च) "सेवा शुल्क" भन्नाले बजारमा उपलब्ध गराइएको सेवा र सुविधा वापतको इजाजत शुल्क, प्रवेश शुल्क तथा स्थान उपलब्ध गराए वापतको भाडा वा अन्य शुल्क सम्झनु पर्छ ।

(छ) "बजार व्यवस्थापक" भन्नाले दफा १० बमोजिम नियुक्त बजार व्यवस्थापक सम्झनु पर्छ ।

(ज) "आयोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृति प्राप्त फलफूल तथा तरकारी बजार सम्बन्धी आयोजना सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. समितिको गठनः (१) कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) श्री ५ को सरकारले तोकेको व्यक्ति- – अध्यक्ष

(ख) प्रतिनिधि, कृषि विकास विभाग – सदस्य

(ग) सदस्य, काठमाडौं नगरपालिका वडा नं. १३ – सदस्य

(घ) प्रतिनिधि,ललितपुर नगरपालिका – सदस्य

(ङ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ – सदस्य

(च) प्रचलित कानून बमोजिम स्थापना भएका – सदस्य
फलफूल व्यवसायी संघका सदस्यहरू मध्येबाट
श्री ५ को सरकारद्वारा मनोनीत एकजना – सदस्य

(छ) प्रचलित कानून बमोजिम स्थापना भएका तरकारी व्यवसायी संघका सदस्यहरू मध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत एकजना – सदस्य

(ज) प्रचलित कानून बमोजिम स्थापना भएका फलफूल तथा तरकारी उत्पादक संघका

9800



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सदस्यहरू मध्येबाट श्री ५ को सरकारद्वारा
मनोनीत एक जना — सदस्य

(झ) बजार व्यवस्थापक — सदस्य सचिव

(३) अध्यक्ष र मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन् ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

(५) समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) कालिमाटी फलफूल तथा तरकारी थोक बजार आयोजना अन्तर्गत भौतिक सुविधा तथा अन्य कुराको व्यवस्था गरी फलफुल तथा तरकारी उत्पादक, थोक तथा खुद्रा व्यापारी र उपभोक्ता-हरूको आवश्यकता पूरा गर्न काठमाडौंको कालीमाटीमा फलफूल तथा तरकारी बजारको स्थापना गरी सो बजारलाई प्रतिस्पर्धात्मक रूपबाट संचालन गर्ने गरी व्यवस्थापन गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित कर्तव्य पालनको लागि समितिले देहायका कार्यहरू गर्न सक्नेछः—

(क) बजार व्यवस्थापनको सम्बन्धमा नीति निर्धारण गर्ने तथा सो को कार्यान्वयन गर्ने ।

(ख) बजार स्थल भित्र थोक व्यापारीले बिक्री गर्ने वस्तुको न्यूनतम परिमाण तोक्ने ।

(ग) बजार व्यवस्थाको लागि आवश्यक पर्ने कर्मचारीहरूको व्यवस्था गर्ने र त्यस्ता कर्मचारीहरूको पारिश्रमिक सेवाको शर्त तथा सुविधा निर्धारण गर्ने ।

(घ) फलफूल तथा तरकारी उत्पादक र थोक तथा खुद्रा व्यापारीको निमित्त बजार सुविधा उपलब्ध गराउने ।

(ङ) बजारमा सुविधाहरू उपलब्ध गराए वापत लिनु पर्ने आवश्यक सेवा शुल्क निर्धारण गर्ने र सम्बन्धित व्यक्तिबाट त्यस्तो सेवा शुल्क असूल गर्ने ।

९४०१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) बजार संचालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने ।

(छ) बजार स्थललाई सफा सुग्घर राखी स्वस्थ वातावरण कायम गर्ने ।

(ज) समितिको लागि आवश्यक पर्ने कर्मचारीको दरबन्दी स्वीकृत गर्ने ।

(झ) बजार संचालन सम्बन्धमा अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।

(५) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. उप-समितिको गठन गर्न सक्नेः समितिले आफ्नो कार्य संचालनमा सघाउ पुऱ्याउन उप-समिति गठन गर्न सक्नेछ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

७. समितिको कोषः (१) समितिको एउटा छुट्टै कोष हुनेछ ।

(२) उप-दफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट प्राप्त रकम,

9802 (४)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) यस आदेश बमोजिम सेवा शुल्क वापत प्राप्त रकम,

(घ) विभिन्न व्यक्ति वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(३) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट कुनै रकम प्राप्त गर्दा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) समितिलाई श्री ५ को सरकार, विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा कार्यमा खर्च गर्नु पर्नेछ।

(५) समितिलाई प्राप्त हुने सबै रकम नेपाल अधिराज्यको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(६) समितिको कोषको संचालन तोकिए बमोजिम हुनेछ।

८. लेखा र लेखा परीक्षणः (१) समितिको आय व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीका बमोजिम राखिनेछ।

(२) समितिको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ।

९. बजार व्यवस्थापकको नियुक्तिः (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्न समितिले एक जना बजार व्यवस्थापकको नियुक्ति गर्नेछ।

(२) बजार व्यवस्थापकको सेवाको शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

१०. बजार व्यवस्थापकको काम, कर्तव्य र अधिकारः बजार व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) आफू मातहतका कर्मचारीहरूको रेखदेख र नियन्त्रण गर्ने।

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ग) बजार व्यवस्थाको लागि आवश्यक योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने।

(घ) समितिले तोकेको अन्य कार्यहरू गर्ने।

११. समितिका कर्मचारीः समितिको कार्य संचालनको निमित्त समितिमा आवश्यक कर्मचारीहरू रहनेछन्।

१४०३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. समितिको कार्यालयः समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

१३. अधिकार प्रत्यायोजनः समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य, सदस्य-सचिव वा समितिको कुनै अन्य अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. प्रतिवेदन पेश गर्नु पर्नेः समितिले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र आफूले गरेको कामको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१५. श्री ५ को सरकारले निर्देशन दिन सक्नेः बजारमा हुने खरीद बिक्री कार्यलाई व्यवस्थित गर्न श्री ५ को सरकारले समितिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१६. श्री ५ को सरकारसँग सम्पर्कः समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा कृषि मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१७. नियम बनाउने अधिकारः यस आदेशको उद्देश्य पूर्तिको लागि समितिले श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक नियमहरू बनाउन सक्नेछ ।

आज्ञाले,
रामकृष्ण तिवारी
श्री ५ को सरकारको का.मु. सचिव

९४०४



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग